कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३१५ | वि.सं. २०८१ फागुन २४ शनिवार | नेपाल संवत: ११४५, फागुन शुक्ल नवमी | Saturday 8 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

प्रदेशसभालाई प्रधानमन्त्री ओलीको सम्बोधन

# कर्णालीको प्राथमिकतादेखी संविधान संशोधनसम्मको चर्चा

**ओम शाही**
**सुर्खेत, २३ फागुन ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले कर्णाली प्रदेश सभालाई विशेष सम्बोधन गरेका छन् । शुक्रबार कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको पाँचौ अधिवेशनको चौधौं बैठकलाई प्रधानमन्त्री ओलीले सम्बोधन गरेका हुन् । मध्यपश्चिम विश्वविद्यालयको तेस्रो दीक्षान्त समारोहमा सहभागी हुन सुर्खेत पुगेका ओलीले प्रदेशसभामा सम्बोधन गर्दै कर्णाली संघीय सरकारको प्राथमिकतामा रहेको दावी गरे ।

कर्णालीमा संघीय सरकारले राष्ट्रिय गौरवका आयोजना कर्णाली कोरिडोर, भेरी कोरिडोर, भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनालाई प्राथमिकताका साथ अघि बढाएको बताए । यद्यपी, यी आयोजना निर्माणको कामले सन्तोषजनक गति भने लिन नसकेको ओलीले स्वीकार गरे । कर्णालीका गेमचेन्जर परियोजना निर्माणमा भइरहेको विलम्बको विषय आफूले गम्भीरतापूर्वक लिएको बताउँदै ओलीले तोकिएकै समयमा परियोजना सम्पन्न गर्न सरकार लागि परेको दावी गरे ।

जुम्ला र सुर्खेतपछि कर्णाली राजमार्ग, पुष्पलाल मध्यपहाडी राजमार्ग अन्तर्गत दैलेखको राकम कर्णालीमा झण्डै १० लाख जनसंख्यालाई समेट्ने गरी स्याटलाईट अस्पताल निर्माण अघि बढेको प्रधानमन्त्रीको भनाई थियो । यसले दैलेख र साविक कर्णाली तथा सुदुरपश्चिम प्रदेशका नागरिक गुणस्तरिय स्वास्थ्य सेवाको पहुँचमा पुग्ने विश्वास

बाँकी ४ पेजमा



## 'शिक्षा युगस्तरीय र गुणस्तरीय नभए मुलुकपछि पर्छ'

प्रदेशसभालाई सम्बोधन गर्नुपूर्व मध्यपश्चिम विश्वविद्यालयको तेस्रो दीक्षान्त समारोहमा सहभागी भएका प्रधानमन्त्री ओलीले प्रतिस्पर्धात्मक र सूचना प्रविधिको युगमा शिक्षा युगस्तरीय र गुणस्तरीय हुन नसके समग्र मुलुक नै पछि पर्ने बताए ।

दीक्षान्त समारोहलार्य सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने बताएका हुन् । 'जुन मुलुकले आफ्नो मुलुकमा रहेका स्रोतसाधनको प्रयोग र परिचालन गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्दैन । र, आजको भूमण्डलीकरणको युगमा युग अनुकूलको नागरिक निर्माण गर्न सक्दैन, त्यो मुलुक विकासको दौडमा पछाडि पर्ने निश्चित हुन्छ,' उनले भने ।

मध्यपश्चिम विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री ओलीले आजको युग कृत्तिम बौद्धिकतायुक्त प्रविधि र सिर्जनशीलताको युग भएको उल्लेख गर्दै उच्च शिक्षा अध्ययनमा लाखौं विद्यार्थी र अर्बौं पुँजी विदेश

बाँकी ४ पेजमा

## भूकम्प पीडितलाई तत्काल राहत

प्रधानमन्त्री केपी शर्मा ओलीले जाजरकोट भूकम्पपीडितहरूलाई तत्काल राहत पुऱ्याउन सरकार प्रतिबद्ध रहेको बताएका छन् । प्रदेशसभालाई विशेष सम्बोधन गर्दै भूकम्प पीडितलाई तत्काल राहत पुऱ्याउने बताएका हुन् । आइतबार नै जाजरकोट, रुकुम पश्चिम

बाँकी ३ पेजमा

## मध्यपश्चिम प्रदेश भनेपछि

ओलीले कर्णाली प्रदेशका मुख्यमन्त्रीलाई मध्यपश्चिम प्रदेशका मुख्यमन्त्री भनेका छन् । मध्यपश्चिम विश्वविद्यालयको तेस्रो दीक्षान्त समारोहलाई सम्बोधन गर्ने क्रममा सुरुमै उनले मध्यपश्चिम प्रदेशका मुख्यमन्त्रीज्यू भन्दै सम्बोधन सुरु गरेका थिए ।

उनले रोष्टमबाटै कर्णालीका मुख्यमन्त्री भन्नुपर्नेमा मध्यपश्चिमका मुख्यमन्त्री भनेपछि पछाडीबाट आवाज आउन थाल्यो मध्यपश्चिम होइन कर्णाली हो कुलपतिज्यू । त्यसपछि प्रधानमन्त्री ओली बोल्न छोडेर थोरै अड्किए । उनले फेरि हाँस्दै भने, कर्णाली भन्नुपर्ने उता मध्यपश्चिम गइसके छ ।

यस समारोहमा कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल, सामाजिक विकास मन्त्री, आर्थिक मामिला मन्त्री लगायत अन्य मन्त्रीहरू उपस्थित थिए ।

# सडक दुर्घटना न्यूनिकरणमा सबैको सहकार्य अपरिहार्य: एसपी खत्री

**सरला सुवेदी**
**बाँके, २३ फागुन ।**

नेपाल राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय लुम्बिनी प्रदेशका प्रमुख ट्राफिक प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले सडक दुर्घटना न्यूनिकरणका लागि सबै सरोकारवालाको साथ र सहयोग आवश्यक रहेको बताएका छन् । उनले नेपालगन्जको धम्बोझी चोकमा आयोजित 'दुर्घटना न्यूनिकरण तथा रोकथामका लागि बृहत् ट्राफिक सचेतना कार्यक्रम'लाई सम्बोधन गर्दै ट्राफिक प्रहरीको एकल प्रयासले मात्र दुर्घटना नियन्त्रण सम्भव नहुने औंल्याए ।

उनले सडक दुर्घटना हुनुमा विभिन्न कारण रहेको बताउँदै एक जनाको लापरवाहीले कैयौंको ज्यान जाने, घाइते हुने तथा अपाङ्गता समेत बढ्दै जाने समस्या रहेको उल्लेख गरे । "ट्राफिक प्रहरीले मात्र दुर्घटना न्यूनिकरण गर्न सक्दैन" एसपी खत्रीले भने, "सडक विभाग, ट्राफिक, चालक, पैदलयात्री, विद्युत् कार्यालय, यातायात व्यवस्था कार्यालय, स्थानीय, प्रदेश र सङ्घ सरकार सबैको समान भूमिका रहन्छ ।"

उनले दुर्घटना न्यूनिकरणका लागि स्थानीय तहको सक्रियता आवश्यक रहेको बताउँदै अति व्यस्त चोक तथा सडकहरूमा आकासे पुल, ट्राफिक लाइट जडान, छाडा पशुचौपायाको उचित व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । साथै, उनले पुराना सवारी साधनको प्रयोगले दुर्घटना निम्त्याउने भएकाले यातायात व्यवस्था कार्यालयले पुराना गाडीको चेकजाँच तथा सञ्चालनमा बन्देज लगाउनुपर्ने बताए ।

कार्यक्रममा एसपी खत्रीले यात्रुहरू स्वयं पनि सुरक्षित यात्राका लागि जिम्मेवार हुनुपर्ने बताए । "यात्रुहरूले जेब्रा क्रसिङ, आकासे पुलको प्रयोग गर्ने, बाटो काट्दा दायाँबायाँ हेर्ने, सवारीको गतिको ध्यान दिने, छतमा वा कोचाकोच भएर यात्रा नगर्ने जस्ता नियम पालना गरे दुर्घटनाबाट जोगिन सकिन्छ" उनले भने ।

त्यस्तै, विद्युत् कार्यालयले सडकको बीच भागमा रहेका पोल हटाउनुपर्ने, सम्बन्धित निकायले सडकमा सिसी क्यामेरा जडान तथा सडक रेखा चुस्तदुरुस्त राख्नुपर्ने उनको भनाइ थियो । चालकहरूलाई बस स्टपमा मात्र गाडी रोक्ने, लेन अनुशासन पालना गर्ने, तीव्र गतिमा गाडी नचलाउने, यात्रुहरूलाई निश्चित ठाउँमै चढाउने तथा झार्ने विषयमा सचेत हुनुपर्नेमा उनले जोड दिए ।

एसपी खत्रीका अनुसार चालु आर्थिक वर्षको साढे सात महिनामा लुम्बिनी प्रदेशमा तीन सय तीन जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन् भने एक हजार २६३ वटा दुर्घटना भएका छन् । ती दुर्घटनामा परी एक हजार ९१८ जना घाइते भएका छन् । उनले फागुन महिनामा मात्रै २९ जनाको मृत्यु भएको जानकारी दिए । बाँके जिल्लामा मात्रै माघ महिनासम्म ४७ जनाले ज्यान गुमाएको र ३१० जना घाइते भएको तथ्याङ्क सार्वजनिक गर्दै उनले दुर्घटना न्यूनिकरणका लागि कडाइका साथ नियम लागु गर्नुपर्ने बताए ।

गत आर्थिक वर्षमा लुम्बिनी प्रदेशभर ३९५ जनाले ज्यान गुमाएका थिए, जसमा १०० जना बालबालिका समेत रहेको एसपी खत्रीले जानकारी दिए । कार्यक्रममा बाँकेका निमित्त प्रमुख जिल्ला अधिकारी खडानन्द खत्री,

बाँकी ४ पेजमा

## बारबर्दियाको एक विद्यालयलाई सरसफाइमा 'तीनतारा'

**युग संवाददाता**
**बर्दिया, २३ फागुन ।**

नेपाल प्राज्ञिक आधारभूत विद्यालय जब्दी, बारबर्दियाले तीनतारेको उपाधि प्राप्त गरेको छ । नेपाल सरकारको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०७४ अनुसार मापदण्ड पूरा गरेपछि विद्यालयले उक्त उपाधि हाँसिल गरेको हो ।

नगरपालिकाले तयार पारेको कार्यविधिअनुसार अनुगमन तथा मूल्याङ्कन गर्दा बारबर्दिया नगरपालिका-११ मा अवस्थित विद्यालयले तेस्रो तारामा पनि ३० अङ्क प्राप्त गरेपछि सामाजिक विकास समितिले विद्यालयलाई तीनतारे विद्यालय घोषणा गरेको नगरप्रमुख छविलाल थारुले जानकारी दिए । बर्दियाकै पहिलो तीनतारे प्राज्ञिक आधारभूत विद्यालयका रूपमा चयन भएको विद्यालयमा सुरक्षित खानेपानी, स्वच्छ शौचालय, फोहरमैला व्यवस्थापन, साबुन पानीले हातधुने सुविधा, आकर्षक फूलबारी र दिवा खाजाको उचित व्यवस्था उपलब्ध रहेको विद्यालयले जनाएको छ ।

वाटर एड नेपालको आर्थिक सहयोगमा नेपाल प्रजनन स्याहार केन्द्र र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको प्राविधिक सहयोगमा बेस संस्थाद्वारा वास गेन्स परियोजनाअनुसार विद्यालयमा काम भइरहेको बेस बर्दियाका परियोजना संयोजक जगदीशप्रसाद चौधरीले जानकारी दिए ।

सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं

- गर्भावस्थामा कम्तीमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसुती सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेवत्तिकै बिगौती दुध खुवाऔं,
- महिनासम्म आमाको दुधमात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रु. ८,००,०००/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
Find Your Dream Job
Jobkarnali.com
Tender Karnali
Tenderkarnali.com
ebazar
ebazar.com
GET IT ON Google Play
yugnews.com

**कथा :**

# काठको वाकस



✍ पृथ्वीबहादुर सिंह

इमान्दार नेपालीको जन्म सुदुरपश्चिम डडेल्धुरा जिल्लाको रुवाखोला गाउँमा निम्न किसान परिवारमा भएको हो । गुजरामुखी कृषि पशुपालन गरी जेनतेन जीवन चलाइरहेको यो परिवारले २०४६ सालको वैशाखमा इमान्दारको स्वजातकी चिउकलीसंग मागी विवाह गरेको थियो । पञ्चेवाजा ठोकेर बिहे गर्दा केहि ऋण पनि लागेको थियो । देशमा जनआन्दोलन चलिरहेको थियो, विवाहको एक वर्ष नबित्दै फाल्गुण ७ गते छोराको जन्म दिएकी थिइन् चिउकलीले । पहिलो वेतमा छोरा जन्मेकोमा स्वदेश विदेशबाट कमाइ ल्याई परिवारलाई सुखी सम्पन्न बनाउनेछ भनि खुशीको सीमा थिएन चिउकली र इमान्दारको ।

छोराको नाम वीरबहादुर भनि पुरेत बाजेले राखीदिए । फाल्गुण १७ गते न्वारनको दिनमा रुवाखोला गाउँलेलाई निम्ता गरेर आफ्नै घरमा पालेको धोर्ले खसी काटी मासु भात र कोदाको तेल खुवाई देउडा नाचगान गरी रमाइलो गरेका थिए ।

बिहानै उठी इमान्दार पंचायत विरोधी नारा लगाउँदै गाँउलेहरुको साथमा संयुक्त जनआन्दोलनमा भाग लिन सदरमुकाम अमरगढी पुगेको थियो । जुलुसको नेतृत्व गर्दै उफ्रीउफ्री नारा लगाईरहेको बेला इमान्दारलाई प्रहरीले पक्राउ गरी व्यवस्था विरोधी गतिविधिमा संलग्न भनि जेल हालेको थियो । केही दिनपछि राजा वीरेन्द्रले एकदलीय पञ्चायत व्यवस्था अन्त्य गरी वहुदलीय प्रजातान्त्रिक व्यवस्था घोषणा गरेपछि इमान्दार जेलबाट छुटेको थियो ।

साधारण शिक्षा हाँसिल गरेको इमान्दारले बहुदलीय प्रजातन्त्रिक शासनमा जनताको मनबाट विजयी पार्टीले गर्दा नै जनता सुखी सम्पन्न हुन्छन भन्ने प्रशिक्षण पाएको थियो । २०४७ को संविधान घोषणापछि भएका संसद र स्थानीय निर्वाचनमा आफ्नो आस्थाको पार्टीलाई जिल्लाभरका कार्यक्रममा सहभागी भै मन दिएर विजयी बनाएको थियो ।

विजयी पार्टीहरुले सत्ताको नेतृत्व त गरे तर जनताको हालत झन दयनीय हुँदै जान थाल्यो युवाहरुलाई आत्मनिर्भर हुने व्यवस्थापन गर्लान भन्ने सपना तुहिँदै जान थाल्यो । तत्काल आफ्नो विवाह र छोरा जन्मिदा खुशीयाली गर्दा लागेको साहुको ऋण र घर व्यवस्था चलाउने आर्थिक गर्जो टार्न लिएको ऋणको व्याजले डाडो काँट्दै जान थाल्यो ।

आफ्नो गाउँका साथीभाइहरु जाने भारतमा भाडाको श्रम पोख्ने विचारले एकरात सुतेको समयमा श्रीमती चिउकलीसंग भने "हेर श्रीमती भर्खर ल्याएको प्रजातन्त्र पार्टीहरुले देश उन्नति गरी कहिले स्वदेशमा रोजगारी सिजना गरी आत्मनिर्भर बनाउँलान् । यहाँ बसेर कमाई गरी विवाह र छोरा जन्मेको खुशीयालीमा लागेको कृपाल जैसीको ऋण तिर्न र घरव्यवहार चलाउन लाग्ने कमाउने ठाउँ छैन । म खेतीपाती गरेर भारततिर जान्छु । वर्षे खेती लाग्ने बेला आइहाल्छु ।"

"खेतीपाती स्याहारी गए कसो होला" चिउकलीले पनि हुन्छ त बुढा जसोतसो घर व्यवहार म गरुला । गाउँले साथी भाईसंग जानु घरमा सञ्चोविसञ्चो खबर गर्दै गर्नु भनि स्विकृति दिइन् । मङ्सिर लागेपछि गाउँका साथीभाईसंग इमान्दार पनि भारतको महाराष्ट्र प्रदेशको शुरथ शहरतिर भाडाको श्रम पोख्न हिडेँ ।

नेपाली युवाहरुले काम पनि राम्रो गर्ने अतिरिक्त थप कामको तलब पनि कम दिनुपर्ने भएकाले विभिन्न कलकारखाना होटलहरुमा सेठहरुले नेपाली युवा खोजीखोजी काममा लगाउँथे । कामको खोजीमा शास्त्री मैदानमा बसिरहेको बेला सेठ मोहनसिं ठाकुर आएर "होटलमै काम करेगा ? भनि सोध्यो । आएदेखि ढावाको खाना खाँदै मैदानको आकाशमुनी दिनरात बिताइरहेको इमान्दार के खोञ्छस काना आँखो भनेझैँ खुसी हुँदै तनाखा सोध्यो । मोहन सेठले स्टाप खाना खाएर मासिक तीन हजार दिन्छु भन्यो । त्यहि सहमतिमा ठाकुरको होटलमा मोरीको काममा जीवनको पहिलो भाडाको श्रम सुरु गऱ्यो इमान्दारले । यता नेपालमा श्रीमती चिउकलीले पहिलो बेतमा छोरा पाएकोले पितृ सत्ताको अहंले जोरीपारीसँग गमक्क परिरहन्थी । "कहिले छोरा तन्नेरी होला कमाई ल्याउला, सुखी सम्पन्न जिवन बिताउला" मनभित्र गुनिरहन्थी । यहि आसमा बसी कलिलो मुना बिरबहादुरलाई पहिलो बेतको काउकुती लाग्ने दुध चुसाउँदै सुन्दर पहाडी पखेराका खेतवारी वनजंगलमा सुसेल्दै पाखुरीको बललाई पोखिरहन्थी ।

जवानीको भेल, ज्ञानको कमी संचार सूचना लिन नजान्दा यो दम्पतिले दश वर्षमा तीन छोरी एक छोराको जन्म दिएर एउटा ससानो पल्टन खडा गऱ्यो । विजयी बनाएर पठाएका प्रजातान्त्रिक पार्टीबाट मन्त्री बन्न पुगेकाले भन्थे "सामन्तहरुले खेतीपाती पशुपालनलाई व्यवसायीकरण गर्न दिएनन् । हाम्रो पार्टीले सरकार बनाए म अवश्य गर्छु ।

अव त गर्लान् र भारतिय भूमिमा भाडाको श्रम बगाउने यात्राको अन्त्यको दिन किन नआउला ? भारतिय भूमिमा भाडामा नोकरी गर्ने साथीहरुसंग र घर आएको बेला गाउँलेहरु सँगै कृषि क्रान्ती गरेर औद्योगिक क्रान्ती सफल भएर स्वदेशमा श्रम पोख्न किन नपाइएला भनी गुमीरहन्थ्यो । त्यहि सपना बोकेर हरेक वर्ष घर आएको बेला उग्रतारा बुढीघटाल मन्दिर पुगी "मेरो देशका प्रजातान्त्रिक नेतालाई ध्यानाकर्षण गराई देऊ माता" भनी घण्ट ध्वजा चढाउथ्यो । छ दसक अघि भिमदत्त पन्त जस्ता अमर शहिदहरुले बगाएको रगतले आएको प्रजातन्त्रले मेरो मुग्लानमा पसिना बेच्ने घुम्ती यात्रा समाप्त गरी छिटै देश सम्वृद्धिमा लैजाने प्रजातान्त्रिक भनाउँदा नेताहरुलाई सद्बुद्धि देउ भनी भिमदत्त चोक गएर भीमदत्तको शालिकमा फूल चढाएर नमन गर्थ्यो ।

छोराछोरी थपिदै जाँदा कृपाल जैसी साहुको ऋणको भारीले इमान्दार नेपालीका भारतिय गल्लीहरुमा श्रमयात्रा छ महिना बाट बढेर वर्षदिन हुन थालेको थियो तर पनि इमान्दार भने पटक पटक हुने चुनावमा मत दिन रुवाखोला आएर मत खसाली दलका नेतालाई विजयी बनाई माला पहिराई खुशीको डेउडा नाचगान गरेर भारत फर्किन्थ्यो ।

प्रजातन्त्र पुर्नवहालीपछि सत्ताको छिनाझम्टीको कारण देशमा अस्थिरता थियो । साम्यवादी दर्शन नौलो जनवादी क्रान्ती गरेर समाजवादी व्यवस्था ल्याउँछौ देश, बनाउँछौ भन्ने नारा लिएर उग्र शसस्त्र द्वन्द देशमा माओवादी पार्टीले चलायो । वर्गशत्रुको नाममा भाइ भाइमा काटाकाट मारामारको हुण्डरी मच्चियो । इमान्दारको मनमा एउटा प्रश्न उठिरहन्थ्यो "किन यो मान्छे मार्ने खेलोमा राज्यपक्ष र गैर पक्ष उभिए होलान ?" कहिँकतै यसको उत्तर पाउँदैनथ्यो ।

गैर राज्यपक्ष गाउँमा आएर भन्थेः"हामीलाई भौतिक आर्थिक सहयोग गर्नुस्, सर्वहारा किसान मजदुरको राज्य व्यवस्था ल्याउछौ,यी संसदीय अन्यायी भष्ट्राचारीहरुले अत्याचार गरेर अकुत कमाउने व्यवस्था फ्याक्छौँ, जे जति सकिन्छ हामीलाई भौतिक आर्थिक सहयोग गर्नुहोस । " इमान्दार र रुवाखोलाका युवाहरुले भारतका गल्लीहरुमा श्रम पोखेर ल्याएको पैसो दुखजिलो गरेर बचाएको दुई मुठी अन्नपात अनि आफूले परिवारको लागि ल्याएका जडौरी लिलामी कपडा समेत जनक्रान्तिको नारा दिनेहरुलाई दिएर सहयोग गरे । उनीहरुलाई यही सानो सहयोग गरेको थाहा पाएर सत्ताधारीहरुले सोझा निमुखा जनतालाई गोलीले भुटे । कठोर कालकोठरीको बास बसाए ।

गाउँका विद्यालयमा अध्ययन गर्ने अध्यापन गराउने शिक्षक विद्यार्थीहरुलाई हरेक दिन प्रशिक्षणमा लैजाने, जनवादी साहित्य संगीत कार्यक्रमा लगाउने अनी त्यहीबाट लामो हिडाइ छ भनी महिनौ संगसँगै हिडाउने अनि त्यस पछि पार्टीमा लगाएर बन्दुक भिराउने क्रियाकलापले देश बन्द जस्तै भयो ।

कतिले त दोहोरो चेपमा इहलिला समाप्त गरे भने कति कालकोठरीको यातना भोग्न पुगे । इमान्दारले भने आफ्नो छोरालाई माओवादीहरुले लैजालान् र राज्यपक्षको गोलीको शिकार बनाइदेलान भन्ने डरले आफूसँगै भारततिर लिएर गयो । देशमा राज्यपक्षले संकटकालको घोषणा गरेपछि परिवारको खर्च बढेर साहुको ऋण बढ्दै गरेको थियो । देशमा विकास निर्माण ठप्प भयो । गरीखाने वातावरण थिएन ।घरघरबाट कम्तिमा एक जना जनयुद्धमा जानैपर्ने उर्दी माओवादीहरुको थियो । वस्तीहरुमा जनसाधारणलाई राज्यपक्षले आतंककारी देख्थे भने माओवादीहरुले सुराकी देख्थे ।

इमान्दारको छोरा बिरबहादुर पनि त पन्ध्र सोह्र वर्षको लोर्के भइसकेको थियो । बावुसँगै सुरत भाडामा श्रम पोख्न थालिसकेको थियो । २०६२ सालतिरको कुरा हो देशमा जनआन्दोलन चलिरहेको थियो । छोरोलाई साथीहरुको जिम्मा लगाएर दुवै बावु छोराको भाडाको कमाई लिएर आन्दोलनमा भाग लिन डडेल्धुरा रुवाखोला घरमा पुग्यो ।

चिउकली श्रीमानको आगमनले खुसी हुनेनै भइ, पोइले कमाइ ल्याएको पैसोले साहुको ऋन पनि घट्ने भो भनेर गदगद भइ । साना नानी बावुहरु सुरतबाट बुवाले ल्याएका लिलामी कपडा लगाएर फुरुक्क हुँदै हाम्रा बावाले ल्याएका नाना चाचा भनि नाच्दै उफ्रिदै छिमेकीका घरतिर दगुरे ।

श्रीमती चिउकलीलाई यसपटक दक्षिण एसियाको प्रख्यात साडी बजारबाट दुईवटा रंगीन बुट्टादार साडी ल्याइदिएको थियो । घरको सिढीमा बसेर श्रीमतीलाई साडी लगाउन पठाइ आफुसहित फोटा खिचेर घरमा सजाए । झिलिमिली साडीमा सजिएर श्रीमानसँग माया विसाउँदा चिउकलीको खुशीको सीमा रहेन ।

अर्को दिन घरको आगनमा एकाबिहान सूर्यको लाली किरण मातृ भूमिमा खस्दा श्रीमतीलाई बोलाएर नेपालमा हुने दुःख र मातृभूमिको प्राकृतिक अमूल्य सम्पदा देखाउँदै भन्न थाल्यो । "यस पटकको संयूक्त जनआन्दोलनले संसद स्थापना र प्रजातन्त्र गणतन्त्रवादीहरुले विजयी प्राप्त गरे भने मेरो देशको भौतिक विकास गरी, हामी नेपालीलाई आत्मनिर्भर बनाई भारतका गल्लीहरुमा भाडाको श्रम पोख्न रोलान नि ।"

हेर प्राकृतिले मेरो देशलाई यति धेरै बहुमूल्य सम्पदा दिएको छ, ऊ हेर उत्तरमा रहेको साईपाल हिमालय पर्वत शृखलामा विश्वका पर्वतारोहीलाई हिमाल पहाड चढन पैसाको पोको ल्याएर आउँ भनि बोलाई रहेछन् ।

तल सेती नदीले च्याफ्टिङ गर्न आउँ भनि सुसेल्दै मेरो देशको भूमिबाट फाल हाल्दै दक्षिणतिर दगुरी रहेका छन । यिनै साना ठूला हाम्रा नदीहरुबाट भारतले विद्युत उत्पादनबाट विभिन्न प्रकारका उद्योग धन्दा सञ्चालन गरिरहेको छ । सिँचाई, खानेपानीको राम्रो व्यवस्थापन गरेर हामी बहादुर गोर्खालीलाई भाडामा बोलाई श्रम लिईरहेको छ ।

हामी पनि नेपालमा रहेका आठहजार नदीखोलाबाट विद्युत उत्पादन गरी विभिन्न किसिमका उद्योग धन्दा खोल्ने देश उज्यालो झिलिमिली बनाउने, विद्युत विदेशीलाई बिक्री गरेर प्रशस्त आम्दानी गर्ने श्रोत रहेका छन् ।

उ हेर हाम्रोसामु उभिएका वनजंगलमा हजारौँ हजार जडीबुटीका श्रोतहरु छन । तिनी सबै कच्चामाल भारत देखि तेस्रो मुलुकहरुमा पैठारी हुन्छ । त्यही प्रशोधित भएर मेरो देशमा आउँछन् । सय गुणा बढि मूल्यमा उपचारदेखि दैनिक उपभोग हामीले नै गर्नु परिरहेको छ । यही उद्योग कलकारखाना खोलेर प्रशोधन गरी उपचार उपभोगको लागि पैठारी गर्ने सम्भावना बोकेर बसेको छ । मेरो हिरा जस्तो भूमि हिजो सामन्तवादले गरेन गर्न दिएन, हामी विकास गर्छौं आत्मनिर्भर बनाउँछौ भन्ने प्रजातन्त्र गणतन्त्रवादी हजारौँहजार शहीदहरुको लाम लगाए ।

संसदीय व्यवस्था, राजा ज्ञानेन्द्रको प्रतिगमनलाई सच्चाउने मुलुक अहिंसात्मक संयूक्त जनआन्दोलनमा सहभागी हुन घर आएको छु । यस पटक म डडेल्धुरा धनगढीदेखि राजधानीका विभिन्न स्थानमा हुने संयुक्त जनआन्दोलनमा पार्टीको झण्डा बोकेर सहभागी हुन जाँदैछु । राम्रो राज्य व्यवस्थापन ल्याउने मेरो पनि कर्तब्य हो ।

संसद र बहुदलीय व्यवस्था वहाल नहुँदासम्म म घर फर्किन्न । तिमीले त्यो समयसम्म घर व्यवहार राम्रो गरी व्यवस्थापन गरेर बस्नु भनि चिउकलीलाई सम्झायो । अमिलो भएको मनलाई आफै बुझाउँदै "हुन्छ बूढा जानु म जसरी पनि छोराछोरी लालावाला हेरचाह गर्ने काम गरुँला । राम्रो व्यवस्था ल्याए हाम्रा छोराछोरी नातीनातीनाले आफ्नो मातृभूमिलाई नै सम्वृद्धि गराउलान । स्वाभिमानले श्रम स्वदेशमा पोखेर आत्म गौरवले बाँच्लान । फरियाको फुर्को टोक्दै भित्रबाट भक्कानिएर आएको हिक्कालाई भित्रै रोकिन ।

इमान्दारले हिजो नै सिलाएर ल्याएका क्रान्तिकारी राता झण्डा चीउकलीले इमान्दारको हातमा राखीदिई । बेलुका नै लालकेतु र गोलाईचीका फूलको माला उनेर राखेको श्रीमानलाई पहिराई दिएर स्वतन्त्रताको लडाईमा विजयी भएर घर फर्किनु भनि आशीष वचन दिदै न्यानो माया दिएर दण्डवत गरी विदाई गरिन् ।

आन्दोलन चल्यो दिनदिनै डडेल्धुरा सदरमुकाम अमरगढीमा हँसिया हतौडा तारा अंकित झण्डाहरु उचाली नारावाजी गरी तुफान डाँडामा रात बिताउने क्रम केही दिन चल्यो । यसरी एक हप्तामा अमरगढी प्रतिगमन विरोधी आन्दोलन गरी सुदुरपश्चिमाञ्चलको सदरमुकामा आन्दोलनलाई थप तिव्रता दिन ट्रकमा वसी धनगडी पुगे ।

त्यहाँ हरेक दिन विरोध र आन्दोलनमा प्रहरीसँगको दोहोरो झडप हुने विभिन्न कार्यक्रममा सहभागी हुँदा कोही हिरासत जाने क्रम छदै थियो । दिनभरी आन्दोलनमा दौडादौड अनि बेलुका थारुवस्तीमा वासवस्ने गरी एकहप्ता बित्यो । त्यसपछि पार्टीहरुले प्रतिगमन विरुद्धको आन्दोलन थप उचाईमा पुऱ्याउन देशभरीबाट राजधानी काठमाण्डौ आउन आव्हान गऱ्यो । पार्टीको व्यवस्थापनमा अरु आन्दोलनकारीसँगै इमान्दार पनि रात्रीबसमा काठमाण्डौतिर लाग्यो ।

प्रतिगमन विरोधी आन्दोलनले देशभर निव्रता लिईरहेको थियो । चैत २८ गते काठमाण्डौका विभिन्न स्थानबाट साहित्यकार, पत्रकार, राजनितिकार संघ संस्था संगठनहरु नारावाजी गर्दै रत्नपार्क जाने क्रममा इमान्दारलाई पनि प्रहरी भ्यानमा हाली महाराजगञ्ज प्रहरी तालिम केन्द्रमा पुऱ्यायो । पत्रकार साहित्यकार कलाकार आन्दोलनकारी ट्रकका ट्रक ल्याएर दिनभर अलग अलग स्थानमा राखी बेलुका छोडेको थियो । नेवारवस्तीमा खाना बासको व्यवस्था थियो ।

दोस्रो दिन चैत्र २९ गते बिहान खानापछि सभागृह अगाडि पुगेको थियो । पार्टीका नेताहरुको सम्वोधनपछि नारावाजी गर्दै जुलुस निस्किएर रत्नपार्कबाट अगाडि बढी स्वयम्भू,बौद्ध पशुपतिनाथ, भद्रकाली, हनुमानढोका परिक्रमा हुन्थ्यो, आन्दोलनले दिनदिनै उचाइ लिदै गयो । त्यो आन्दोलनको हुलमा १० वर्षे रुविन गन्धर्वले प्रतिगमन विरुद्ध गीत गाईरेहेको थियो । ८४ वर्षे छायाँदेवी प्रजातान्त्रिक सेनानी भएर उफ्रिरहेकी थिइन । जुलुसले प्रतिगमनकारी "ज्ञाने चोर देश छोड, पारस हत्यारो हो" जस्ता नारा लगाई रहेको थिए । रत्नपार्क नपुग्दै पाँचवटा भ्यानमा सशस्त्र र जनपथ प्रहरी आएर ८४ वर्षे छायाँदेवीलाई लछारपछार गरी भ्यानमा हाल्यो । अगाडि लागेका पार्टी नेताहरु भ्यानमा हालेर प्रहरीले महाराजगञ्जतिर लग्यो । इमान्दार भने प्रहरी पक्राउबाट बच्न रत्नपार्कतिर हाम फालेर बचेका थिए ।

प्रतिगमन विरुद्ध आन्दोलनमा देशभर उठेको थियो । राजा ज्ञानेन्द्रले जनताको नासो जनतालाई फर्काएँ भन्दै संसद पुनर्स्थापनाको घोषणा गरे । प्रजातन्त्र पुनरवहाली पछिको खुसीयालीमा काठमाण्डौ उपत्यकामा विभिन्न स्थानमा जुलुसमा सहभागी भै इमान्दार पनि घर फर्कियो । प्रजातन्त्र पुनःवहाली भएकोमा वस्तीहरुमा खुशीयालीको दिपावलीले झलझलाकार थियो ।

बिहान ८ बजे इमान्दार साथीहरुसँग भिमदत्त नगरपालिका पुगेका थियो । त्यहाँ पनि खुशीयालीको कार्यक्रममा विभिन्न लोकतान्त्रिक गणतान्त्रिक नेतागणका सम्वोधन सुनी बेलुका घर गएका थिए । घरमा पनि बेलुका दिपावली गरेर खुशी हुँदै भने"अब हाम्रो समाजवाद ल्याउने गणतन्त्रवादी संसदवादी एक भएर पुनःप्रजातन्त्र बहाल भएको छ । अब केही वर्षमै सम्वृद्धिको शिखरमा पुग्नेछौ । भोलिपल्ट एकाबिहानै कुल देवतालाई ध्वजा चढाएर आशीर्वाद मागी परिवारसंग टिका लगाएर श्रीमती चिउकलीको आँखामा गहिरो माया विसाउँदै परदेशमा श्रम पोख्न झोला बोकेर भारतको सुरथ तिर लाग्यो ।

२०६४ को संविधान सभाको निर्वाचनमा इमान्दारका बावुछोरा सुरतबाट आत्मनिर्भर नेपालको कल्पना गर्दै घर आएर गणतन्त्र नारा घन्काउने आफ्नो मनले खाएको पार्टीलाई मत दिएर विजयी बनाए । संविधान सभाले २५० बर्षे राज संस्था सदाका लागि विदाई गऱ्यो । राजा ज्ञानेन्द्रले नारांयणहिटी दरवार छोडेर नागार्जुन घरवारमा बस्ती सारे । इमान्दारले पुनःघरमा खुशीयालीको दिपावली गरेता पनि घरको आर्थिक अवस्था झन झन गिर्दो थियो । साहुको ऋणले माखेजालमा पार्दै लगेको थियो ।

प्रजातन्त्र पुनःप्राप्तपछि विश्वव्यापीकरण खुला बजार व्यवस्थापनले विज्ञान निर्मित भौतिक सुबिधा साधन यातायातको सुविधाले गाउँगाउँ पुगे । परिवारले ती साधन उपयोग गर्दा गुजरामुखी कृषि र भारतमा भाडाको श्रमले नपुग्दा नेपालका अरु गाउँले जस्तै रुवाखोले युवाहरु पनि अरबको तातो हावा खान जाने क्रम बढिरहेको थियो ।


फलानाको छोराले यति कमाएर ल्यायो साहुको ऋन सवै तिरेर घर बनायो, बेस्कन दाइजो दिएर दिदी बहिनीको विहे समेत गरिदियो । हलानाले पैसाको थैलै ल्याएर आयो खेत किन्यो बारी किन्यो । ढिस्कानाले बाउ बाजेदेखिको ऋन चुक्ता गरेर बजारमा पाँच तले घर किन्यो यस्तै यस्तै कुराहरु गाउमा खुव सुनिन थाले । यस पटक भने गाउँले साथीसँग छोरा वीरबहादुरलाई अरवमा कमाउन पठाउने आफु उहि सुरतमा श्रम पोख्न जाने पारिवारिक सल्लाह गरे । केही वर्षभित्र यी लोकतन्त्रवादी गणतन्त्रवादीहरुले मेरो देशको बहुमूल्य प्राकृतिक श्रोतको विकासको ढोका किन नखोल्लान । आफ्नै स्वदेशमा श्रम रोजगारी पोख्न पाईएला भन्ने सपना मनमा साँचेर छोरा वीरबहादुरलाई केही वर्ष अरव कमाई गर्न पठाउने पारिवारिक सल्लाह भो ।

वीरबहादुरले आफ्नो गाउँकै चिनेजानेको ऋषि मेनपावर कम्पनीकै सम्पर्कमा पासपोर्ट बनाउने देखि केके केके तालिमहरु सबै पुरा गऱ्यो । होटलको कुकमा प्रति महिना एकलाख तलब पाउने सल्लाहमा पाँच लाख लाग्ने पहिलो किस्ता रु पचास हजार बुझाए । एकमहिना

बाँकी ३ पेजमा

## विश्व

# पेरिसको रेल स्टेसनमा दोस्रो विश्वयुद्धको बम फेला



**पेरिस, २३ फागुन ।**

फ्रान्सको सबैभन्दा व्यस्त टर्मिनलतर्फ जाने रेलमार्गमा दोस्रो विश्वयुद्धको बम फेला परेपछि पेरिस गारे डु नोर्ड रेल स्टेसनमा शुक्रबार यातायात रोकिएको अधिकारीहरूले बताएका छन् ।

राष्ट्रिय एसएनसिएफ रेल कम्पनीले सेन्ट डेनिस उपनगरको क्षेत्रमा मर्मत कार्यको क्रममा रातभर 'रेलमार्गको बिचमा' विस्फोट नभएको बम फेला परेको बताएको छ । आरइआरबी उपनगरीय रेलले एक्समा लेखेको पोस्टमा बम 'दोस्रो विश्वयुद्धको समयको' भएको उल्लेख छ ।

पेरिस प्रहरीले यन्त्रलाई निष्क्रिय पार्ने काम गरिरहेकाले युरोस्टार रेलहरूका साथै उच्च-गति र स्थानीय सेवाहरू सञ्चालन गर्ने रेल स्टेसनमा सबै ट्राफिक बन्द गरिएको थियो ।

गारे डु नोर्ड रेल स्टेसन पेरिसको उत्तरमा अवस्थित छ र देशको सबैभन्दा व्यस्त रेल टर्मिनल हो । एसएनसिएफका अनुसार यो टर्मिनलले प्रत्येक दिन अनुमानित सात लाख मानिसलाई सेवा प्रदान गर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — वैदेशिक रोजगारबाट लाभ मिल्नेछ । धार्मिक स्थानमा दर्शन आदिको योजना बन्नेछ । भविष्यलाई लिएर योजनाहरू कोरिने छन् ।

**वृष** — पहिला गरिएको कार्यबाट प्रसंशा मिल्नेछ । चल अचल सम्पत्तिमा वृद्धि हुनेछ । नयाँ अवसरबाट लाभ उठाउन सकिनेछ ।

**मिथुन** — अनावश्यक खर्चबाट जोगिने प्रयास गर्नुहोस् । मेहनतले नाम र ईनाम दिलाउन सक्छ । परिस्थिति अनुरूप निर्णय लिने प्रयास गर्नुहोला ।

**कर्कट** — विद्यार्थीहरूलाई उच्च शिक्षामा नयाँ अवसरहरू मिल्नेछ । रचनात्मक कार्यमा सफलता मिल्नेछ । कार्यक्षेत्रमा भाग्यको साथ मिल्नेछ ।

**सिंह** — नोकरी वा पेशामा सहयोगीहरूले भनेजस्तो सहयोग नदेलान् । व्यर्थको वाद विवादबाट बच्नुहोस् । प्रेम सम्बन्ध सुमधुर रहनेछ ।

**कन्या** — साझेदारी व्यापारबाट लाभ मिल्नेछ । शुभचिन्तकहरूको साथ पाइनेछ । प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ । चिताएको कार्य नहुन सक्ला ।

**तुला** — चिताएको कार्यसमयमा सम्पादन हुनाले मन उत्साहित रहनेछ । आम्दानीका नयाँ स्रोतहरू बढ्नेछन् । स्वास्थ्यको लागि आहारविहारमा ध्यान राख्नुहोला ।

**वृश्चिक** — व्यापार व्यवसायमा लाभ रहनेछ । पशुपालन वा कृषिबाट लाभ प्राप्त गर्न सकिनेछ । आयआर्जनका नयाँ स्रोतहरू बढ्नेछन् ।

**धनु** — पारिवारिक सद्भाव बढ्नेछ । विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ । माताको स्वास्थ्यलाई लिएर सचेत रहनुहोस् ।

**मकर** — आत्मविश्वासमा वृद्धि हुनेछ । राजनीतिक क्षेत्रमा जनसमर्थन बढ्नेछ । चिकित्सा वा सामाजिक सञ्जालको क्षेत्रमा सफलता मिल्नेछ ।

**कुम्भ** — लगनशीलताले कार्यहरू अगाडि बढ्नेछन् । बोलीको प्रभावले रोकिएको कार्य सम्पादन गर्न सकिनेछ । यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं ।

**मीन** — महत्वपूर्ण कार्यको थालनी हुनेछ । व्यापार व्यवसायमा राम्रो लाभ आर्जन गर्न सकिनेछ । युवा वर्गहरूलाई करियरलाई लिएर चिन्ता रहनेछ ।

## काठको...

पछि भिसा भर्ने सलाह भयो। उही गाउँको साहु कृपाल जैसीबाट मासिक सयकडा पचासका दरले व्याज बुझाउने गरी चारलाख रुपैया ऋण गरेर लाग्ने टिकट र अरु शुल्क बुझाए।

भन्दा भन्दै बीरबहादुर विदेश उड्ने दिन पनि आइहाल्यो। सपरिवारसंग बसी टिकाटालो लगाएर कुल देउतालाई ध्वजा चढाएर यात्रा सफलताको आर्शीवाद माग्दै वीर बहादुर उग्रतारा मातालाई बसबाट नमन चढाई काठमाण्डौ तिर हिड्यो। कतार बोइङ जहाजबाट छ घण्टाको उडानपछि रुवाखोले सोझो केटो विदेशी अपरिचित भूमिमा पाइला टेक्दा पचास डिग्रीको तातो हावाले उकुसमुकुस हुन पुग्यो।

एयरपोटमा अपारमेन्ट निर्माता प्रो.मोहमत अमित पजेरी गाडी लिएर वीर बहादुर भनी बोलाउदा मख्ख पर्दै गएर गाडीमा बसी अपाटमेन्टको कोठामा पुगे। कामको बारे कुरा गर्दा दश तला माथि अझ पाँच तला थप्ने काम चलीरहेको छ त्यही मिस्त्री अथवा लेवर काममा आएका हौ भनी सेटले भनेपछि छातीबाट खसेजस्तो भयो। कालेको देशका भाषा पनि नआउने अर्को कामको मेसो पनि नभएकोले वाध्य भएर कहिले पनि नगरेको काममा ५५ डिगी तातोमा भऱ्याङ चढेर दिवालमा सिमिन्टी लगाउन थाले।

घरमा बा आमालाई काम त पाए तर घर बनाउने अति कठिन कहिले नगरेको काम छ भनि खवर गर्दा घरका मान्छे आत्तिएलान् भनेर काम ठिकै छ होटलमा काम गरिरहेको छु भनेर ढाट्यो। घरकाले साहु ऋण तिर्ने पैसा कमाएर घरमा फर्किनु भनी सल्लाह दिए। काममा लोगेको पाँच दिनमा एघार तलाबाट सिमिन्टी प्लास्टर गर्न भऱ्याङको डन्डी समाउने हात फुत्केर खसी वीरबहादुरको इहलिला समाप्त भयो। गएको १० दिनमा वीर बहादुरको मृत खबरले परिवारमा ठूलो बज्रपात भयो। आमाले बावु इमान्दारलाई फोनबाट वरवर आँसु खसाल्दै सुरत खबर गरेर छिटो घर आउ छोराको लास बुझ्न् काठमाण्डौ जाउँला भनिन।

खबर पाएको भोलिपल्ट इमान्दार रेलगाडी बस चढेर घर आईपुगे। पर्सीपल्ट आमाबावु बसमा चढी आँसुका भल बगाउदै काठमाण्डौ पुगे। पुगेको भोलिपल्ट कतार एयरल्यान्सको वोईङ जहाजबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा काठको बाकसमा वीर बहादुरको लास आईपुग्यो। काठको बाकस लास बुझ्दै बावुआमा त्यही अलापविलास गरी रोए।

त्यो राती बागबजार विजुली होटलको बाहिर वरण्डामा लास राखी कतारको सेटले क्षतिपूर्ति छ लाख इमान्दारको नाममा राहत बैंक खातामा पठायो। त्यही रकम बुझी बसमा छोराको मृत शरीर बाकसमा लिएर बेलुकाको बसमा डडेल्धुरा जान हिडी विहान दश बजे रुवाखोला घर पुगे। बसभरी बाकस माथी टाउको अडयाएर चिउकली अलाप विलाप गरी रोइरहेकी थिईन।

फाल्गुनको महिना थियो। शिशिर ऋतु सकेर वसन्त लाग्न थालेको थियो। रुवाखोला गाउँ वरिपरि जंगलका रुख विरुवा पालुवा पलाउन थालेको थिए। मध्य महाभारत शृङखला वसेको गाउँमा हिउदे खेती हरियो लहलह भै लहराएको थियो। वनपाखाहरुमा विभिन्न चराचुरुङ्गी न्वाउलीहरु न्याउन्याउ बासी रहेका थिए। गाउँलेहरु वीरबहादुरको लासको बाकस घर आइपुगेको खबर पाएर आगनमा जम्मा भएका थिए। हिन्दु संस्कार अनुसार लासलाई तात्तातै दाहसंस्कार गर्न पर्नेमा आज मृत्यु भएको पाँच दिन भैसकेको थियो। आजनै दाहसंकार गर्ने बन्दोबस्त गर्ने गाउँका उही साहु कृपाल जैसीलाई व्यवस्थापन गर्न फोनमा कुरा गरीसकेका थिए।

पन्चेवाजासहित मलामीहरु आँगनमा जम्मा भइसकेका थिए। बसबाट गाउँले युवाहरुले लासको बाकस ल्याएर आगनमा राखे। बाकस उघारी घरपरिवार तथा सबै गाउँले अन्तिम दर्शन गर्दै फूलमाला चढाए। उत्तरबाट साइपाल हिमालले हेरी रहेको थियो। सेती नदी तल एकनास सुसाई रहेकी थिइन। आमा चिउकली अलाप विलाप गर्दै रोइरहेकी थिइन। इमान्दार पनि पटकपटक भक्कानिएर आँसु बगाइरहेका थिए। कति दुखले हुर्काए। कलिलो बालकलाई कमाउन भारत पठाए, थप कमाउन अरव पठाए मनग्य कमाई गरी धुमधामसँग गरौला, नाती नातिनी जन्माउला बुढेसकाल घरमा बसौला भनि वीर बहादुरलाई ऋणगरी पठाएको १० दिनमा बाकसमा लास भएर आयो। हाम्रो देश हाम्रा देशका म्यानपावर कम्पनी कस्ता होलान एउटा काम भनी पठाउने अर्को काममा जोताउने पापी भनि गाउँलेहरु एकआपसमा कुरा गरिरहेका थिए।

दिन छिप्पिन लाग्दा लास बाकसबाट निकाली ठाडो बनाएकोका राखी सेती नदीको दोभानमा दाह संस्कार गर्न लिन लाग्दा आमा लास समाएर पटकपटक अलापविलाप गरी रुदै लास समाउन पुगी मुर्छा परिन। उनलाई गाउँलेहरुले शिरमा मुखमा पानी हालेर होसमा ल्याए। केहिवेर वीर बहादुरको लास रुवाखोला र सेती नदी किनार दोभान लिएर बसाले। पूर्वबाट शैलेश्वरी पश्चिम बाट उग्रतारा बुढीघटाल हेरिरहेका थिए।

एक पटक अन्तिम विदाई सम्वोधन् गर्न बावु इमान्दारलाई उपस्थित मलामीले भने। इमान्दारले आफ्नो सम्बोधनमा भने "मेरो देशलाई प्रकृति वहुमूल्य हिमाल पहाड मधेस हजारौं नदीनाला खनिज पदार्थ दिएको छ। यस भौतिक विकास नगरी जंगबहादुरले भाडामा बहादुर बनाएर परदेशमा युवाको श्रम पोख्न पठाएको संस्कृति संस्कार कहिले अन्त्य होला। मेरा देशका प्रजातन्त्रवादी, गणतन्त्रवादी नेतृत्वलाई सम्वृद्धिको बाटो तय गर्नु अदृश्य इस्वरसंग माग गरे। हामी जनतामा म मेरो देशमा घरमा श्रम पोखेर उन्नति गर्छु भन्ने आत्मनिर्भर स्वाभिमान देउ भनी प्रार्थना गरे"। अन्त्यमा दाहसंस्कार लागी सेती नदि रुवाखोला दोभानमा चिता तयार भै सकेकोले विर बहादुरको लास राखी आगो लगाएर सखाप पारी गंगाजलले पखाली बगाएर अन्तिम गंगाजलको जलले श्रद्धाञ्जली दिएर घर तिर लागे मलामीहरु।

*(२०७९/१२/१८ वी.न.पा.-१०, दिपनगर सुर्खेत)*

## भूकम्प...

र सल्यानमा कार्यालय स्थापना गरेर भूकम्प पीडितका लागि काम सुरु गर्ने ओलीले बताएका हुन्।

'आइतबार गृहमन्त्री आएर कार्यालय स्थापना गर्दै हुनुहुन्छ, उनले भने, पीडितलाई स्थानीस्तरबाटै राहत उपलब्ध गराउने लक्ष्य सरकारको छ' उनले भूकम्प पीडितका नाममा केही बेथिति भएको बताए। जाजरकोटमा सबै घर ४८ हजार छैनन्, पहिलो किस्ता ४८ हजारलाई बाँड्यौं,' उनले भने 'यो बेतिथि हो, यस्ता घटनाहरूलाई अवसरको रूपमा लिनु हुँदैन।' ओलीले 'प्रधानमन्त्री जोडिएका सबै कार्यक्रमको नाम परिवर्तन गरेर प्रधानमन्त्री लेखिएको ठाउँमा 'राष्ट्रिय' शब्द राखिने बताए।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रमलगायत प्रधानमन्त्री शब्द जोडिएका नाम हटाएर राष्ट्रिय राख्ने तयारी छ,' उनले भने अब प्रधानमन्त्री कृषि आधुनिकीकरणको ठाउँमा राष्ट्रिय कृषि आधुनिकीकरण, प्रधानमन्त्री रोजगार कार्यक्रमको ठाउँमा राष्ट्रिय रोजगार कार्यक्रम राख्ने बताए। प्रधानमन्त्रीका नाममा, मुख्यमन्त्रीका नाममा, मेयर-अध्यक्षको नाममा कार्यक्रम राख्न जरुरी नरहेको उनको भनाई थियो।

---

# Birendranagar Municipality
# Office Of The Municipal Executive

**Birndranagar, Surkhet**
**Karnali province, Nepal**

## Invitations For Bids

**(First Date of publication: - 2081.11.23 B.S.)**

1. **Birendranagar Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the **Birendranagar Municipality, Birendranagar Surkhet** Phone No: 9858063111& PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT & PS) | Bid Security |
|---|---|---|---|---|
| NCB/BM/W/081/082/60 | Deuti Bajai Purbadhar Nirman Aayojana, Birendranagar 10, Surkhet | NRs. 3000/- | NRs.28,81,420.19 | NRs.72,050.00 |

**Chief Administrative Officer**

---

# नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**कुमालगाउँ, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## सेवाप्रदायक संस्थाको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**(सूचना प्रकाशित मिति: २०८१/११/२३)**

यस कार्यालयबाट सीपमुलक तथा जीवन उपयोगी तालिम संचालन गर्ने सम्बन्धी युगआव्हान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएकोमा कार्यालयमा प्राप्त भएका प्रस्तावहरु मध्ये प्राविधिक तथा आर्थिक रुपमा छनोट भएको तपशिल बमोजिमको सेवाप्रदायक संथाको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना सम्बन्धित सबै प्रस्तावदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ।

**तपशिल:**

| क्र. स | कार्य संकेत नं. | तालिमको विवरण | सेवाप्रदायक संस्थाको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ क सहित) |
|---|---|---|---|---|
| १. | NNRM/RFQ/HFSD/01/2081/082 | सीपमुलक तथा जीवन उपयोगी तालिम | श्री भ्यू एक्टिभ कन्सल्टेन्सी प्रा.लि वालाजु काठमान्डौले | ४,८०,२५०.०० |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# पर्यटन डिभिजन कार्यालय, बाँके

## दरभाउपत्र स्वीकृत सम्वन्धि आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१/११/२४**

यस कार्यालयको तपसिल बमोजिमका दरभाउपत्रहरुका लागि मिति: २०८१/११/०२ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिका तथा E-Bidding द्धारा प्रकाशित सूचना अनुसार Online दर्ता हुन आएका प्रस्तावहरु मध्ये तपशिलका प्रस्तावहरुलाई गठित मुल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम | सारभूत रुपमा प्रभावग्राही न्यून दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर+PS समेत) रु |
|---|---|---|---|---|
| 1 | BANKE/TDO/WORKS / SQ– 18/081/082 | किरनखोला शमशान घाट व्यवस्थापन तथा पुर्वाधार निर्माण, खजुरा-४, बाँके | P. L. Engineering and Builders, Baijanath-4, Banke | 1363029.53 |
| 2 | BANKE/TDO/WORKS / SQ– 19/081/082 | कृष्ण मन्दिर क्षेत्रमा पार्क तथा योग भवन निर्माण, घोराही-१३, सेवारखोला | Siddha Kumakh Builders, Buddnagar-10, Kathmandu | 777743.39 |
| 3 | BANKE/TDO/WORKS / SQ– 20/081/082 | केवट बाबा शिव मन्दिर, डुडुवा-३, बृतहनी, बाँके | P. Kumar High Tech Engineer, Janaki-3, Banke | 685655.35 |
| 4 | BANKE/TDO/WORKS / SQ– 21/081/083 | गणेश सुधार समिति मन्दिर परिसर पूर्वाधार निर्माण घोराही-१५, एकान्तटोल, दाङ | P and P Constructions Suppliers and Research Civil Center pvt. Ltd, Kharpunath-5, Humla | 779086.16 |
| 5 | BANKE/TDO/WORKS / SQ– 24/081/084 | शिव मन्दिर निर्माण, डुडुवा गा.पा.-३, वनकटवा, बाँके | P. Kumar High Tech Engineer, Janaki-3, Banke | 660852.05 |
| 6 | BANKE/TDO/WORKS / SQ– 25/081/085 | राधा कृष्ण मन्दिर गौघाट मर्मत संभार, खजुरा-२, बाँके | Bishwakarma Nirman Sewa, Khajura-2, Banke | 773130.32 |
| 7 | BANKE/TDO/WORKS / SQ– 64/081/082 | कोरियनपुरवा शिव मन्दिर निर्माण, नेपालगंज उ.म.नपा.-१२, बाँके | Shiva Construction, Narainapur-4, Banke | 909386.06 |
| 8 | BANKE/TDO/WORKS / SQ– 66/081/082 | उमागढी पर्यटन पुर्वाधार निर्माण रुन्टीगढी-२, रोल्पा | Gemi Rolpa Construction Pvt. Ltd, Ghorahi-15, Dang | 1538094.05 |
| 9 | BANKE/TDO/WORKS / SQ– 69/081/082 | गढीटाकुरा देवस्थान भौतिक संरचना निर्माण, घोराही -१२ दाङ्ग | Alikchhya Nirman Sewa, Ghorahi-12, Dang | 1393286.89 |
| 10 | BANKE/TDO/WORKS / SQ– 70/081/082 | ढकेरी पार्क पूर्वाधार निर्माण, राप्ती सोनारी-९, ढकेरी, बाँके | P and P Constructions Suppliers and Research Civil Center pvt. Ltd, Kharpunath-5, Humla | 1034029.18 |
| 11 | BANKE/TDO/WORKS / SQ– 73/081/082 | उढरापुरको रामजानी मन्दिर निर्माण, खजुरा गा.पा.-५, बाँके | P and P Constructions Suppliers and Research Civil Center pvt. Ltd, Kharpunath-5, Humla | 672809.09 |
| 12 | BANKE/TDO/WORKS / SQ– 74/081/082 | परसिया शिव मन्दिर भौतिक संरचना, गुलरिया न.पा वडा नं.-१०, परसिया, बर्दिया | Shree Ganesh Builders, Gulariya-2, Bardiya | 1169466.03 |
| 13 | BANKE/TDO/WORKS / SQ– 76/081/082 | शान्ति गुम्बा तथा ध्यान केन्द्र पुर्वाधार निर्माण, रोल्पा न.पा-६, रोल्पा | Gemi Rolpa Construction Pvt. Ltd, Ghorahi-15, Dang | 1794057.15 |

---

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

# जाजरकोट बहुप्राविधिक शिक्षालय

**भेरी न.पा -०५ ,काफलचौर जाजरकोट**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिती : २०८१/११/२४**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालयको रुपमा संचालित यस जाजरकोट बहुप्राविधिक शिक्षालय काफलचौर, जाजरकोटको Two Room Workshop Construction कार्यको लागि युग आह्वान राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम म्याद भित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको हुंदा उक्त बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | कामको विवरण | ठेक्का नं. | बोलपत्रदाताहरुको नाम ठेगाना | कबोल गरेको रकम (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| 1 | Two Room Workshop Construction of Jajarkot Polytechnic Institute, Kafalchaur, Jajarkot. | CTEVT/TEVT/JPI/081/082civil-01 | Sinet Nirman Sewa, Bheri-11, Jajarkot | रु १२८१८९०.७५ |

**शिक्षालय प्रमुख**

# 'आन्तरिक सुरक्षाको मियो नेपाल प्रहरी'

**युग संवाददाता**
**सुर्खेत, २३ फागुन ।**

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले नेपाल प्रहरी आन्तरिक सुरक्षाको मियो भएको बताएका छन् । नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग नक्साल काठमाडौँद्वारा सुर्खेत वीरेन्द्रनगरमा आज आयोजित ' प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८१' लाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले आन्तरिक सुरक्षाको मियोको रुपमा स्थापित नेपाल प्रहरी समयसापेक्ष अगाडि बढ्ने सके मात्र नागरिकले शान्ति र सुरक्षाको प्रत्याभूत गर्ने बताए ।

अपराधका शैली फेरिँदै गएकाले सूचना र प्रविधिको विकाससँगै अनुसन्धान अभियोजना प्रक्रियालाई पनि वैज्ञानिक र वस्तुवादी बनाउनुपर्ने उनको भनाइ थियो । उनले भने, "अपराध नियन्त्रण र अनुसन्धानका क्षेत्रमा नेपाल प्रहरीले विश्वस्तरमा प्राप्त गरेको ख्याती हामी नेपाली र नेपालको लागि पुँजी हो । सीमित साधन र स्रोतका बाबजुद यो पुँजी निर्माणमा राज्यले सुम्पेको जिम्मेवारीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा नेपाल प्रहरीले देखाएको कार्यकुशलता प्रशंसनीय छ । जनतासँगको सम्बन्धलाई अझ सुदृढ बनाउँदै बिना बर्दीका सिपाही मानिने आम नागरिकको भरोसा जित्ने गरी तपाईंहरुका आचरण, व्यवहार र शिष्टतालाई त्यसतर्फ केन्द्रित गर्नुस् ।"

नविनतम आविष्कार र प्रविधिको कारण बढ्दै गएका अपराधका नयाँ शैलीविरुद्ध तदारूकता बढाउँदै वर्तमान र भविष्यमा हुनसक्ने अपराधको रोकथाम तथा सफल अनुसन्धान गर्न सक्ने गरी नेपाल प्रहरीले आफूलाई दक्ष र प्रविधिमैत्री बनाउँदै लैजानुपर्नेमा उनको जोड थियो । मुख्यमन्त्री कँडेलका अनुसार अपराध नियन्त्रणमा जानी नजानी गरिने लापरबाही वा बद्नियतले सिङ्गो राज्य व्यवस्थाप्रति नै नकारात्मक प्रभाव पार्ने विषयलाई हामीले हेक्का राख्नैपर्दछ । उच्च अदालत सुर्खेतका कायम मुकायम न्यायाधीश कृष्णलाल भट्टराईले प्रविधिबाट हुने अपराध निकै चुनौतीपूर्ण भएको जनाउँदै यसमा अनुसन्धान प्रक्रियालाई प्रविधिसँग जोडेर लिनुपर्ने सुझाव दिए ।

अपराध अनुसन्धानको पहिलो काम प्रहरीको भएकाले यसमा प्रमाण नष्ट नहुने गरी प्रहरीले काम गर्ने सके पीडितले न्याय पाउने र त्यसले मात्र समाजमा न्याय, सुशासन र शान्ति कायम हुने धारणा उनले राखे । अपराध अनुसन्धान विभाग नक्साल काठमाडौँका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक कुबेर कडायतले प्रहरी प्रधान कार्यालयले विगत केही समयदेखि अपराध अनुसन्धान र नियन्त्रणलाई समयसापेक्ष, पारदर्शी र नागरिकमैत्री कसरी बनाउन सकिन्छ भन्ने उद्देश्यले सुरक्षा गोष्ठी गर्दै आएको बताए ।

अहिलेको बदलिँदो परिस्थितिमा अपराध अनुसन्धान गर्ने शैलीमा व्यापक परिवर्तन ल्याउनुपर्ने देखिएको उनले बताए । उनले भने, "पछिल्लो चरणमा डिजिटल प्रविधिमार्फत अपराध बढ्दै गएको छ । आर्थिक कारोबारसँगका बढी अपराध सङ्ख्यात्मक हिसाबले हरेक प्रदेशमा बैंकिङ कसुर अर्थात् अनलाइन ठगीका अपराध बढ्दै गएका छन् ।"

# जग्गा प्राप्त नहुँदा ट्रमा सेन्टर निर्माण अधुरै

**युग संवाददाता**
**कैलाली, २३ फागुन ।**




कैलालीको लम्कीमा निर्माण हुने भनिएको प्राथमिक ट्रमा सेन्टर स्थापनाको काम अघि बढ्न सकेको छैन । ट्रमा सेन्टर पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा प्राप्त हुन नसक्दा चार वर्षदेखि सो काम अलपत्र परेको हो ।

सरकारले ट्रमा सेन्टर स्थापनाका लागि विगत चार वर्षदेखि विनियोजन गर्दै आएको बजेट फ्रिज भएर जाने गरेको सहरी विकास तथा भवन निर्माण कार्यालय कैलालीले जनाएको छ । सरकारले ट्रमा सेन्टर स्थापनाका लागि चालु आर्थिक वर्षमा रु ५० लाख बजेट विनियोजन गरे पनि जग्गा प्राप्त हुन नसक्दा आवश्यक प्रक्रिया अघि बढ्न नसकेको सहरी विकास तथा भवन निर्माण कार्यालय कैलालीका सूचना अधिकारी तथा इञ्जिनियर पुष्पराज भट्टले बताए ।

उनका अनुसार ५० शय्याको ट्रमा सेन्टर निर्माणका लागि गत आव २०८०/८१ मा बहुवर्षीय योजनाअन्तर्गत रु पाँच करोड बजेट बजेट विनियोजन गरिएको थियो । साथै आव २०७८/७९ मा रु पाँच करोड विनियोजन गरिएको थियो ।

आर्थिक वर्ष २०७९/८० मा कैलालीको लम्की सम्भाव्यता अध्ययन गरी ट्रमा सेन्टर स्थापनाका लागि बजेट विनियोजन भएको थियो । कार्यालयका सूचना अधिकारी भट्टले जग्गाको सुनिश्चितता गर्न स्वास्थ्य कार्यालय र सम्बन्धित पालिकालाई आग्रह गर्दै आएको पनि जानकारी दिए ।

पूर्व पश्चिम राजमार्गअन्तर्गत चिसापानी-लम्की खण्डमा सवारी दुर्घटना बढी हुने र घाइतेले समयमै उपचार नपाउँदा अकालमै मृत्यु हुने भएकाले ट्रमा सेन्टर निर्माणको अवधारणा सुरु भएको थियो ।

## सडक...

नेपालगन्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रशान्त विष्ट, बाँके प्रहरी प्रमुख प्रहरी उपरीक्षक तुलबहादुर कार्की, पत्रकार महासंघ बाँकेका अध्यक्ष नवीन गिरी, सुरक्षित यात्रा नेपालका अध्यक्ष कृष्णप्रसाद वेलबासे, संयोजक विमल ढकाल लगायतले आ-आफ्नो विचार राखेका थिए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी निरीक्षक पुस्करराज पन्तले सबै सरोकारवालाहरूको सहकार्यबाट मात्रै सडक दुर्घटना न्यूनिकरण सम्भव हुने बताए । कार्यक्रममा सहभागिहरूले दुर्घटना रोकथामका लागि प्रभावकारी उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिएका थिए ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री मनिषा बि.सी (रावत) धनी रहेको, दर्ता नम्बर ५५४३/०७६/०७७ बाट वी.न.पा-१०, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री रीजन कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

## शिक्षा...

पलायन हुनु चिन्ताजनक रहेको बताए । उच्च शिक्षाका लागि विदेशी विश्वविद्यालयमा पुगेका देशका कर्णधारको व्यवस्थित शिक्षा आर्जन, सुरक्षा र स्वदेश फिर्तिलाई सरकारले उच्च प्राथमिकताका साथ हेरिरहेको दाबी गरे ।

प्रधानमन्त्री ओलीले मुलुकमा रहेका विश्वविद्यालयले समयानुकूल विषय र कार्यक्रमका माध्यमबाट शिक्षा लिनैका लागि विदेसिनु पर्ने अवस्थाको अन्त्य गर्नुपर्ने बताए । 'ऐन, नियम र कार्यव्यवस्था प्रणालीअन्तर्गत रही आफ्नो शैक्षिक, प्राज्ञिक स्वतन्त्रताको बुद्धिमत्तापूर्ण उपयोग गर्दै सरकारसँग सहयोग लिने र आवश्यकताका आधारमा निजी प्रतिष्ठानहरूलाई उच्च शिक्षा प्रदानको गतिलो साझेदार बनाएर जान सकेमा उच्च शिक्षामा सरकारले राखेको अपेक्षा र विश्वविद्यालय स्थापनाको उद्देश्य पूरा हुन्छ,' ओलीले भने ।

शिक्षा केवल डिग्री प्राप्त गर्नु मात्र नभई जीवनलाई सही दिशा दिने मार्ग रहेको उनले बताए । दीक्षित भएका विद्यार्थीलाई ओलीले आफ्नै देशमा नवीनतम् काम गर्नुपर्ने बताए । ओलीले विश्वविद्यालयको तेस्रो दिक्षान्त समारोहका अवसरमा विभिन्न तह र सङ्कायका तीन हजार आठ सय ४१ विद्यार्थी दीक्षित गराएका थिए ।

समारोहमा विज्ञान तथा प्रविधि, व्यवस्थापन, इञ्जिनियरिङ, कानुन, शिक्षाशास्त्र, मानविकी र सामााजिकशास्त्र गरी सबै सङ्कायबाट स्नातक तहका दुई हजार एक सय ८९, स्नातकोत्तर तहका विभिन्न कार्यक्रममा शैक्षिक सफलता हाँसिल गरेका एक हजार छ सय ६३ र व्यवस्थापन संकायको दर्शनाचार्य पूरा गरेका १९ विद्यार्थी दीक्षित भएका हुन् ।

कार्यक्रममा भारतको जवाहरलाल नेहरु विश्वविद्यालयका अग्रज प्राध्यापक प्रा डा महेन्द्र पि लामा प्रमुख अतिथि थिए । मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा. डा. ध्रुवकुमार गौतमले नेपाल सरकारको सहयोग, राष्ट्रिय तथा अन्तरराष्ट्रिय विश्वविद्यालय एवं सङ्घसंस्थाको सहकार्यमा थप नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गरिने बताए ।

## कर्णालीलाई...

ओलीको थियो ।

कर्णालीलाई उर्जा समृद्धिको युगमा प्रवेश गराउन फुकोट कर्णाली, बेतन कर्णाली, तिला-१ र तिला-२ जलविद्युत आयोजना अघि बढाउँने प्रक्रियामा सरकार रहेको उनले बताए । आफू प्रधानमन्त्री रहेको बेला भारतीय नाकावन्दी पश्चात सुरु भएको दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणले अन्तिमरुप धारण गर्ने अवस्थामा पुग्नु समर्ग मुलुकका लागि सकारात्मक सन्देश रहेको ओलीको दावी थियो । प्रदेशसभामा सम्बोधन गर्नेक्रममा प्रधानमन्त्री ओलीले जाजरकोट भूकम्पपछि बाँडिएको अस्थायी आवास निर्माणको रकममा बेथिति भएको खुलासासमेत गरे । प्रधानमन्त्री ओलीले भूकम्पले भत्केका वास्तविक संरचनाभन्दा बढीलाई अस्थायी आवासको रकम बाँडेर बेथिति गरिएको दावी गरे । 'जाजरकोट जिल्लाको कुरा गर्ने हो भने, त्यहाँ कति घरधुरी छन् ?, त्यहाँ कति जनसंख्या छ ?,' ओलीले भने, '३५/३६ हजार घरधुरी भएको ठाउँमा ४८ हजार घरधुरीलाई किस्ता बाँडिएको छ ।

जिल्लामा त्यति घरधुरी नै छैनन् । सबै घर भत्किएका पनि होइनन् । बाँडियो ४८ हजारलाई भने, त्यहाँ बेथिति भएको छ ।' वास्तविक अवस्था लुकाई भएको बेथितिलाई सरकारले गम्भीरतापूर्वक लिएको ओलीले बताए । जाजरकोट भूकम्पपछिको विस्तृत क्षतिको मूल्यांकन अघि बढेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अस्थायी आवासको रकममा भएको बेथिति अध्ययन गरी तत्काल कारवाही गर्न सम्बन्धित जिल्लामा कार्यालय स्थापना गर्न लागेको बताए ।

यसका लागि गृहमन्त्री जिल्ला खटिन लागेको ओलीले सम्बोधनका क्रममा भने । भूकम्पपछिको पुनर्निमार्णमा बजेट व्यवस्थापन भइसकेको उल्लेख गर्दै ओलीले बाँकी रकम पनि यथासिंघ्र पठाइने दावी गरे । जाजरकोट भूकम्पबाट पाठ सिकेर बलिया पूर्वाधारहरु निर्माणमा सबैले हातेमालो गर्नुपर्ने प्रधानमन्त्री ओलीले आग्रह गरे ।

प्रधानमन्त्री ओलीले कांग्रेस-एमाले सम्मिलित सरकारले अघि बढाउन खोजको संविधान संशोधनको विषय एक दुई जना व्यक्ति वा सुमूहको स्वार्थ पुरा गर्न नभई समर्ग राष्ट्रको हित रहेको दावी गरे । जनभावना अनुसार विकासका अपेक्षा पुरा गर्न संविधान संशोधन आवश्यक रहेको उल्लेख गर्दै ओलीले भने, ' एमाले-कांग्रेस बिच सहकार्य हुँदा भएको सात बुँदे सम्झौताको दोस्रो बुँदामा संविधान संशोधनको विषय राखिएको छ । यो कसैको रहर र लहडको विषय होइन । यो समर्ग राष्ट्रिय आवश्यकतालाई पुरा गर्ने कदम हो ।'

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८
हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

घर निर्माण कार्यको लागि सम्झनुहोस्
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।
प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्युटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
Bhawani Auto Workshop, BC Group, Birendranagar-Surkhet
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA | BYD | Mahindra | FORCE MOTORS | ISUZU | FOTON | TATA
हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।
Servicing | Repair | Denting | Panting | Washing

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।